**पोखरा विश्वविद्यालयको १९ औँ दीक्षान्त समारोहका प्रमुख अतिथि वरिष्ठ मुटु शल्यचिकित्सक**
**प्रा. डा. भगवान कोइरालाज्यू,**
**पोखरा विश्वविद्यालयका उपकुलपतिज्यू तथा रजिष्ट्रारज्यू,**
**पोखरा विश्वविद्यालयका सम्पूर्ण पदाधिकारीज्यूहरू,**
**आमन्त्रित विशिष्ट अतिथिज्यूहरू,**
**पोखरा विश्वविद्यालयका विद्वान सभासद्ज्यूहरू,**
**आजको यस समारोहमा उपस्थित शिक्षाविद्, प्राज्ञ व्यक्तित्वहरू,**
**सञ्चारकर्मी मित्रहरू,**
**आज दीक्षित हुनुहुने विद्यार्थीहरू,**
**उपस्थित भद्र महिला तथा सज्जनवृन्द ।**

पोखरा विश्वविद्यालयको सह-कुलपतिको हैसियतले आजको यो उन्नाइसौँ दीक्षान्त समारोहलाई सम्बोधन गर्न पाउँदा म गौरवान्वित भएको छु । देशको दोस्रो पर्यटकीय स्थल, कवि शिरोमणि लेखनाथ पौडेलको जन्मस्थल साततालको बाटिका शहर लेखनाथमा अवस्थित पोखरा विश्वविद्यालयको उन्नाइसौँ दीक्षान्त समारोहमा विभिन्न उपाधिबाट दीक्षित हुनु हुने सम्पूर्ण विद्यार्थीहरूलाई हार्दिक बधाई दिन चाहन्छु । साथै तपाईहरूको आगामी दिन सुखमय एवम् भविष्य उज्ज्वल र फलिभूत रहोस् भन्ने शुभ-कामना समेत प्रकट गर्दछु ।

**उपस्थित भद्र भलाद्मी, महिला सज्जनबृन्द,**

पोखरा विश्वविद्यालयमा शिक्षामन्त्री एवम् विश्वविद्यालयको सहकुलपतिको हैसियतले पहिलो पटक उपस्थित भएको छु। अति सुन्दर, रमणीय र मनमोहक ठाउँ पोखरामा अवस्थित यो विश्वविद्यालयको दीक्षान्त समारोहमा उपस्थित भई यहाँहरूसँग साक्षात्कार गर्न पाउँदा निकै खुशी लागेको छ ।

पोखरा सुन्दर छ, रमणीय र मनमोहक पनि त्यत्तिकै छ । यो शिक्षा, स्वास्थ्य, पर्यटन र साहसिक खेलको धेरै सम्भावना बोकेको महानगर हो । जसले यहाँ धेरै रोजगारीका सम्भावनाहरूलाई प्रतिबिम्बित गर्दछ । अहिलेको समाज र परिवेश नयाँ नयाँ खोज र अवसरका लागि दौडिरहेको छ । यसर्थ पोखरा विश्वविद्यालयले नविनतम प्रविधि र अनुसन्धानमा आफ्ना कार्यक्रमहरूलाई केन्द्रीत गर्नसके यसले मुलुकको सर्वाङ्गिण विकासमा महत्वपूर्ण योगदान दिन सक्छ भन्ने मलाई लागेको छ । एउटै खालको परम्परागत सोच र ढाँचामा विश्वविद्यालय चल्न सक्दैन । आजको यो गरीमामय समारोहमा उपस्थित भइरहँदा पोखरा विश्वविद्यालयले पृथक ढङ्गले उत्पादनमुखी र रोजगारमुखी कार्यक्रमको विकास र विस्तारमा अझ बढी ध्यान केन्द्रीत गर्दै जाओस् भन्ने हार्दिक शुभेच्छा व्यक्त गर्न चाहन्छु । नेपाल सरकार

उच्चशिक्षाको आमूल परिवर्तनका लागि स्थापित विश्वविद्यालयको रेखदेख, सञ्चालन र स्तरोन्नतिका लागि सँधै सकारात्मक सहयोगमा रहिरहने प्रतिबद्धता समेत यस गरिमामय समारोहमा व्यक्त गर्न चाहन्छु ।

मुलुकमा आज १७ वटा विश्वविद्यालयहरू सञ्चालनमा रहेका छन् । अझै मुलुक थप विश्वविद्यालय स्थापनामा लागिरहेको छ । भइरहेका विश्वविद्यालयमा विद्यार्थी छैनन् भने नयाँ खुलेका विश्वविद्यालय कसरी चल्छन् भन्ने विभिन्न गुनासाहरू आइरहेका छन् । हामीले २१ शताब्दिको प्रबिधियुक्त र समतामूलक शिक्षामा जोड दिएका छौं । विश्व मानस पटलमा देखा परिरहेका नविनतम ज्ञान, अनुसन्धान र प्रयोगहरूलाई अपनाउन शिक्षामा आमूल परिवर्तन नगरी त्यसको लक्ष्य हासिल गर्न सकिँदैन । यसर्थ विश्वविद्यालयहरूले समस्त प्राणी जगतका विभिन्न आयामहरूमा नयाँ नयाँ पाठ्यक्रम तर्जुमा गरी लागू गर्न सके विद्यार्थीहरूलाई देशमा पढ्ने र बस्ने वातावरण सिर्जना गर्न सकिन्छ भन्ने मलाई लागेको छ । प्रतिभा पलायन देशको लागि राम्रो होइन, तर प्रतिभा टिकाउने खालको व्यवहारिक र स्तरीय शिक्षा दिन विश्वविद्यालयहरू अग्रसर हुनुपर्नेमा मेरो जोड छ । यसले विश्वविद्यालयहरूबीच गुणस्तरमा प्रतिस्पधा हुन्छ र सोचे अनुसारको सीपयुक्त दक्ष जनशक्ति उत्पादन गर्न विश्वविद्यालय सक्षम

हुनेछन् भन्ने विश्वास लिन सकिन्छ । विश्वविद्यालयले उत्पादन गरेका जनशक्ति राष्ट्रको पुर्नसंरचना र पुर्ननिर्माणका लागि महत्वपूर्ण स्रोत हुन भन्नेमा कसैको दुईमत रहदैन । विविध कारणले जकडिएका र उब्जिएका समस्याहरूको निराकरण गर्दै हरेक विसंगति र विकृतिहरूको अन्त्य र लोकतान्त्रिक मूल्य मान्यताका आधारमा स्वाधिन, स्वतन्त्र र आत्मनिर्भर राष्ट्र निर्माण गर्न शैक्षिक दक्ष जनशक्तिले महत्वपूर्ण योगदान दिन सक्छन् । तसर्थ पोखरा विश्वविद्यालयको यो उन्नाइसौं दीक्षान्त समारोहमा विभिन्न तह पार गरी दक्ष जनशक्तिको रूपमा उदाउनु भएका विद्यार्थी भाईबहिनीहरूले समाजमा प्रतिस्पर्धी र अब्बल प्रमाणित हुन कुनै कसर बाँकी राख्नु हुने छैन भन्ने विश्वास लिएको छु ।

**विद्यार्थी भाईबहिनीहरू,**

जहाँ शिक्षा छ, त्यहाँ रोजगारी छ, उत्पादन छ, विकास छ र शान्ति पनि छ । त्यसैले मुलुकको चौतर्फी विकासका लागि शिक्षा अनिवार्य तत्व हो । तर देशको अर्थतन्त्रको समस्या र सीमाले शिक्षामा राज्यले गरेको लगानी सन्तोष जनक छैन । अन्तर्राष्टिय मान्यताअनुसार हामीले देशको कुल बजेटको २० प्रतिशत शिक्षा लगानी गर्नुपर्नेमा १२ प्रतिशत पनि लगानी गर्न सकिरहेका छैनौ । देशको अर्थतन्त्रलाई

कसरी चलयमान र सुधार गर्न सकिन्छ भन्ने कुरामा सरकार लागि परेकोले देशको आर्थिक अवस्था सुध्रिएपछि शिक्षामा सरकारले लगानी नबढाई सुखै छैन । विश्वविद्यालयहरूप्रति विद्यार्थी र अभिभावको आकर्षण बढाउन पनि राज्यले शिक्षामा लगानी बढाउनु अति आवश्यक छ । आजको यस गरिमायम समारोहमा सबै नागरिकको गुणस्तरीय शिक्षामा पहुँच सुनिश्चित गर्न र विश्वविद्यालयको भौतिक पूर्वाधार तथा जनशक्ति व्यवस्थापनमा सरकार प्रतिबद्ध रहने छ भन्ने विश्वास दिलाउन चाहन्छु ।

शिक्षा सबै वर्ग र समूदायका लागि सर्वसुलभ हुनुपर्छ । यो भष्ट्राचाररहित, अनुशासित र मर्यादित समेत हुनपर्छ । शिक्षाले मानिसलाई सुसभ्य, सुसंस्कृत, सुयोग्य र ज्ञानी बनाइरहेको हुन्छ । आज दीक्षित हुनुहुने विद्यार्थी भाइबहिनीहरू त्यसैको द्योतक हो । आज तपाईहरू शान्त र शालीन देखिनु भएको छ । किनकि तपाईहरूमा सिप, ज्ञान र दक्षता भरिएको छ । तपाईहरूले आज जीवन के हो भन्ने बुझ्नु भएको छ । अब अगाडि के गर्ने भन्ने बुझ्नु भएको छ । त्यसैले राष्ट्र, राष्ट्रियता र जनजिवीकाका लागि राष्ट्रिय शिक्षा पद्धतिमा आमूल परिवर्तन गर्नुपर्छ, तबमात्र देशले विकासमा अग्रगामी कदम चाल्न सक्छ भन्ने मेरो बुझाइ छ ।

शिक्षा, स्वास्थ्य, पर्यटन र उद्योगका विविध पक्षलाई सम्बोधन गरी पोखरा विश्वविद्यालयले आफ्ना नीति तथा कार्यक्रमहरूलाई विस्तार गर्दै लैजानुपर्छ । विद्यार्थी संख्याका दृष्टिले यो त्रिभुवन विश्वविद्यालय पछिको दोस्रो ठूलो विश्वविद्यालय हो । दक्ष जनशक्ति उत्पादनका दृष्टिले पनि यसको स्थान अब्बल छ । वर्षेनी यसले विभिन्न कार्यक्रममा प्रदान गर्ने छात्रवृत्तिले आर्थिक विपन्न वर्गलाई ठूलो राहत मिलेको छ । यसले राज्यको नीति अनुरूप पहिचान विहिन समुदायका लागि रोजगार र शिक्षामा करोडौं लगानी गरेको छ । त्यसैले यो जुन उद्देश्यलाई आत्मसात गर्दै अग्रगमनतर्फ लम्किरहेको छ, त्यसमा राज्यको पूर्ण समर्थन र सहयोग रहनेछ भन्नेमा ढुक्क हुन सबैमा आग्रह गर्दछु ।

**दीक्षित हुनुहुने विद्यार्थी भाईबहिनीहरू,**

पोखरा विश्वविद्यालयका विभिन्न शैक्षिक कार्यक्रमहरूमा तहपार गरी एउटा विज्ञको रूपमा परिचय दिनु भएका विद्यार्थी भाईबहिनीहरूले मुलुकको सर्वाङ्गिण विकासमा आफूले आर्जन गरेको ज्ञान र सीपलाई पूर्ण सदुपयोग गर्नुहुनेछ भन्ने विश्वास लिएको छु । विश्व समाजमा प्रतिस्पर्धी र अब्बल प्रमाणित गर्न तपाईहरूबीच चुनौतीका

चाङ् भएपनि धैर्य, संयमित र दुरदर्शी भएर पोखरा विश्वविद्यालयको प्रतिष्ठा, मान र मर्यादालाई सदा उँचो राख्नुहुनेछ भन्ने भरोसा हामीमा छ । विभिन्न कारणले विदेश पलायन हुने जनशक्तिलाई रोजगारी र सीपका माध्यमले स्वदेशमै बस्न सक्ने वातावरण निर्माण गर्ने महत्वपूर्ण अभिभारा तपाईहरूको काँधमा छ । देशलाई पुर्ननिर्माण गरी राहत प्रदान गर्ने कार्यमा राज्यले तपाईहरूको सिर्जनशीलतालाई पर्खिरहेको छ । मौजुदा आन्तरिक स्रोत साधनहरूको बैज्ञानिक प्रयोग विधि ज्ञानको अपेक्षा राज्यले तपाईहरूबाटै लिएको छ । त्यसैले तपाईंहरूले आ-आफ्नो कार्य क्षेत्रमा एक योद्धा र लडाकुसरह निर्भिकता र निडरताका साथ ईमान्दार र कर्तव्यनिष्ठ भई देशको गौरव, प्रतिष्ठा र इज्जत अभिवृद्धि गर्ने कार्यमा हरदम प्रयासरत रहनुहुनेछ भन्ने विश्वास लिएको छु । तपाईंहरूको निरन्तर सफलताको कामना गर्दै तपाईहरूले आर्जित गरको शिक्षा र ज्ञान समाजका लागि उपयोगी बनोस् भन्ने हार्दिक शुभेच्छा समेत प्रकट गर्दछु ।

अन्त्यमा आज दीक्षित हुने सम्पूर्ण विद्यार्थी भाइबहिनीहरू र उहाँहरूका अभिभावकहरूलाई आजको यो भब्य र सभ्य गरीमामय पोखरा विश्वविद्यालयको उन्नाइसौं दीक्षान्त समारोहको अवसरमा हार्दिकतापूर्वक बधाई दिंदै यहाँ उपस्थित सम्पूर्ण भद्रजन तथा विशिष्ट

अतिथिहरूमा धन्यवादसहित आजको दीक्षान्त समारोह यही समापन भएको घोषणा गर्दछु ।
धन्यवाद् ।

शिक्षा, विज्ञान तथा प्रविधि मन्त्री अशोक कुमार राई
२०८० फागुन ८ गते मङ्गलबार
(२० फेब्रअरी, २०२०)
पोखरा-३०, कास्की ।